प.लि.नं. ३४०/०५२/०५३

नेशनल हाईड्रो पावर कम्पनी लि.

National Hydro Power Company Ltd.

च. नं. १८३।०८०।०८१

मिति २०८१/०१/१४

श्री नेपाल स्टक एक्सचेज ली.
सिंहदरबारप्लाजा, काठमाण्डौ ।

बिषय : प्रतिबेदन सहितको बिबरण पठाएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस नेशनल हाइड्रो पावर कम्पनी लि. को आर्थिक बर्ष २०८०/०८१ को तेश्रो त्रैमासिक अबधिको वासलात र नाफा नोक्सान सम्बन्धी प्रतिबेदन मिति २०८१/०१/१४ गते को आर्थिक अभियान दैनिक पत्रिकामा प्रकाशित भएको हुनाले उक्त पत्रिकाको प्रतिलिपी यसै साथ राखि जानकारीको लागि पठाएको ब्यहोरा अनुरोध छ ।

भबदिय,

सन्जीब कुमार लामा
कम्पनी सचिब

P.O. Box No.: 6518, Binayaknagar Marga, New Baneshwor-10, Kathmandu. Nepal. Tel : 01-5172683, 5172685, e-mail: info@nhpc.com

Scanned with CamScanner

नेशनल हाईड्रो पावर कम्पनी लि.
National Hydro Power Co. Ltd.
बिनायकनगर–१०, नयाँ बानेश्वर, काठमाडौं

Unaudited Balance sheet (Quaterly)

As on 30th Chaitra 2080
Third Quarter of Fiscal Year 2080/81

Amount in NPR

Particulars	This Quarter ending As on 30th Chaitra 2080	Previous Quarter ending As on 29th Poush 2080	Corresponding Previous Quarter ending As on 30th Chaitra 2079
ASSETS			
Non- Current Assets:			
Property, Plant and Equipment			
Gross Block	2,134,409,051	2,131,926,061	2,042,382,197
Less: Accumulated Depreciation	1,096,937,300	1,082,095,523	1,037,556,998
Net Block	**1,037,471,750**	**1,049,830,538**	**1,004,825,199**
Project Work In Progress			
Project Work In Progress	1,113,177,008	1,084,184,304	769,502,242
Investments			
Investments-Hydro Projects	769,250,000	181,575,000	107,030,500
Investments-Others	455,500	455,500	-
Share Advance for Investments-Hydro Projects	40,800,000	628,175,000	-
Current Assets:			
Advances & Receivables	25,970,940	25,540,406	116,920,290
Sundry Debtors	18,824,061	33,929,642	9,240,042
Cash & Cash Equivalent	5,652,448	2,030,127	3,275,663
	3,011,601,706	**3,005,720,517**	**2,010,793,936**
EQUITY AND LIABLITIES			
Shareholders' Funds			
Equity Share Capital	2,467,162,916	2,467,162,916	1,645,016,944
Share Premium Account	19,381,817	19,381,817	-
Reserve and Surplus	15,077,248	26,574,756	8,303,711
Non-Current Liabilities			
Loans (Including Project Loan- Lower Indrawati)	352,623,155	188,190,120	241,616,484
Current Liabilities			
Short Term Borrowings	45,123,528	109,477,107	31,340,147
Sundry Creditors & Other Payables	108,753,858	189,136,247	82,544,630
Provisions	3,479,184	5,797,554	1,972,020
	3,011,601,706	**3,005,720,517**	**2,010,793,936**

UNAUDITED INCOME STATEMENT (Quaterly)
For the period ending 1st Magh 2080 to 30th Chaitra 2080
Third Quarter of Fiscal Year 2080/81

Particulars	This Quarter FY 2080-81	Previous Quarter FY 2080-81	Corresponding Quarter FY 2079-80
Revenue	29,163,733	54,688,571	29,141,467
Less: Direct Expenses	11,704,256	16,985,974	19,183,933
Gross Profit	**17,459,477**	**37,702,597**	**9,957,534**
Administrative Expenses	9,215,379	6,697,950	8,323,952
Profit from Operation	**8,244,098**	**31,004,647**	**1,633,582**
Less:			
Financial Expenses	7,234,976	6,253,482	11,291,091
Depreciation	14,841,777	14,971,446	14,769,490
Add:			
Other Income	16,777	84,543	345,000
Profit Before Tax	**(13,815,879)**	**9,864,262**	**(24,081,999)**
Prior Period Written Back	**828,953**	**1,977,908**	**1,177,191**
Provision for Bonus	(276,318)	197,285	-
Provision For CSR	(138,159)	98,643	-
Provision for Tax	(1,903,894)	2,699,278	-
Net Profit after Tax	**(11,497,508)**	**8,846,963**	**(22,904,808)**
Balance transferred to Balance Sheet	**(11,497,508)**	**8,846,963**	**(22,904,808)**

Note: 1) The above figures are subject to change as per direction of the regulatory/ External Auditors.
2) The figures for previous quarter have been restated, regrouped whereever necessary which might vary from previous quarter published figure.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ सँग सम्बन्धित

अनुसूची १४

आ.व. २०८०/०८१ तेश्रो (चैत्र मसान्त) त्रैमासिक अवधिको विवरण

१. वित्तीय विवरण:

(क) आ.व. २०८०/०८१ को तेश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) न्यूनतम रुपमा प्रमुख वित्तीय विवरणहरू:

प्रति शेयर आम्दानी रु. ०.३७ (वार्षिकीकरण),	प्रति शेयर नेटवर्थ रु. १०१.३३
प्रति शेयर कुल सम्पत्तिको मूल्य रु. १२१.९९	मूल्य आम्दानी अनुपात (PE Ratio):- ४११.०१

२. व्यवस्थापकीय विश्लेशण:

कम्पनीको नाफा र नगद प्रवाहमा असर पर्ने खालको घटनाहरू:

क. तल्लो इन्द्रावति जल विद्युत आयोजना

यस कम्पनीले टेन्डर मार्फत प्राप्त गरेको तल्लो इन्द्रावती जलविद्युत आयोजनाको (४.५ मेगावाट) प्राविधिक, आर्थिक, तथा वातावारणीय अध्ययन समाप्त भइसकेको छ । उक्त आयोजनाको विद्युत खरिद बिक्री सम्झौता (Power Purchase Agreement) सम्पन्न भई निर्माण अनुमति समेत प्राप्त भएको छ । यो आयोजनको भत्किएका सुरुङ्ग तथा अन्य संरचनाहरूको पुन: निर्माण कार्य सम्पन्न भएको छ । आयोजना निर्माणको लागि सिभिल काम तथा विद्युतीय उपकरण खरिदको लागि टेन्डर प्रकृया सम्पन्न भई निर्माणको काम शुरु भएको छ । आयोजना निर्माणको लागि आवश्यक वित्तीय व्यवस्थापनको लागि ज्योति विकास बैंक लि.सँग ऋण सम्झौता सम्पन्न भइ ऋण प्रवाह शुरु भएको छ ।

ख. साधारण शेयर बापत भुक्तानी प्राप्त नभएको (calls in arrears) रकमको व्यवस्थापन गर्ने

कम्पनीको शेयर सूचीकृत गर्दाको बखत देखिकै कम्पनीको हिसाब तथा शेयर रजिष्ट्रार (RTS) को अभिलेखको विश्लेषण गर्दा कम्पनीको रु.१००।- प्रति कित्ताको २२,४७० कित्ता साधारण शेयर बापत जम्मा रु.७,२५,०००।- को आंशिक भुक्तानी मात्र प्राप्त भएको देखिएकोले कम्पनीको हिसाबमा रु.१५,२२,०००।- भुक्तानी प्राप्त नभएको (calls in arrears) देखिदै आएकोले सोको व्यवस्थापन सम्बन्धी दस्तावेज नेपाल धितोपत्र बोर्डमा अनुमतिको लागि पेश भएको छ ।

घ. अन्य आयोजनामा लगानी

१. लोअर इखुंवा हाइड्रो पावर कम्पनी लि.: यस कम्पनीको ४५ प्रतिशत (रु. ५८.७२५ करोड रुपैयाँ) लगानी शेयर अभिलेख सम्पन्न भइसकेको लोअर इखुंवा हाइड्रो पावर कम्पनी लि.ले निर्माण गर्दै आएको तल्लो इखुंवा जल विद्युत आयोजनाको अधिकांश निर्माण कार्य सम्पन्न भई सो आयोजनाबाट यसै वर्ष विद्युत उत्पादन गर्ने योजना छ । यस कम्पनीको IPO को स्वीकृति नेपाल धितोपत्र बोर्डमा प्रकृयामा रहेको छ ।

२. उज्यालो इनर्जि सोल्युसन प्रा.लि.: यस कम्पनीले उज्यालो इनर्जि सोल्युसन प्रा.लि.ले प्रवर्द्धन गर्दै आएको अर्धजलाशययुक्त ३६ मेगावाटको लिखु जल विद्युत आयोजानको अध्ययनमा अगुवाइ गरिरहेको अवस्था छ ।

३. ह्याप्पि इनर्जी प्रा.लि.: यस कम्पनीले ह्याप्पि इनर्जी प्रा.लि.मा लगानी गरी सो कम्पनी मार्फत संखुवा खोला ज.वि. आयोजानको निर्माणमा सहभागि भएको छ ।

४. पर्फेक्ट इनर्जि डेभलप्मेन्ट प्रा.लि.: यस कम्पनीले पर्फेक्ट इनर्जि डेभलप्मेन्ट प्रा.लि.मा लगानी गरी सो कम्पनीले प्रवर्द्धन गर्दै आएको १५.६२५ मेगावाटको मध्य त्रिशुली गंगा जल विद्युत आयोजना निर्माणमा सहभागी भएको छ ।

३. कानूनी कारवाही सम्बन्धी विवरण:

(क) यस कम्पनीले काठमाण्डौ जिल्ला अदालतमा दायर गरेको मुद्दा विचाराधिन अवस्थामा रहेको छ ।

४. कम्पनीको शेयर कारोबार सम्बन्धी विवरण:

अधिकतम मूल्य	रु.१८७.००	कुल कारोबार दिन	५८
न्यूनतम मूल्य	रु.१४४.५०	कुल कारोबार संख्या	२८,५३२
समिक्षा अवधिको अन्तिम मूल्य	रु.१५१.५०	कुल कारोबार शेयर संख्या	७६,१६,७२५

५. समस्या, चुनौतिहरु तथा रणनीतिहरु:

क. पूँजी संकलनको सम्बन्धमा: माथि उल्लेखित नयाँ आयोजनाहरूमा लगानी गर्नको लागि आवश्यक पूँजी जुटाउन कम्पनीले विभिन्न विकल्पहरूको अध्ययन गरिरहेको छ ।

ख. अन्य आयोजना वा व्यवसाय का सम्बन्धमा: यस कम्पनीले अन्य उपयुक्त नयाँ जल विद्युत आयोजना वा विद्युतसँग सम्बन्धित व्यवसाय साझेदारीमा विकास गर्न विभिन्न इजाजतपत्र प्राप्त व्यक्ति तथा संस्थाहरूसँग वार्ता गरिरहेको छ ।

ग. यस कम्पनीको २७औं वार्षिक साधारणसभा गर्नका लागि तीन पटक प्रयास गरेको तर तेश्रो पटकमा समेत २५ प्रतिशतको गणपुरक संख्या नपुगेका कारणले गर्दा मिति २०८०/११/३० का लागि तोकिएको साधारणसभा समेत स्थगित भयो । उक्त विषयमा कानूनी परामर्श लिई, स्थगित भएको वार्षिक साधारणसभा यथासक्य चाँडो सम्पन्न गर्नको लागि बाधा अड्चन फुकाइ आवश्यक निर्देशन उपलब्ध गराई पाउन नियामक निकाय कम्पनी रजिष्टार्डको कार्यालयमा पुन: निवेदन समेत पेश गरिएको छ ।

६. संस्थागत सुशासन:

यस कम्पनीले संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकतामा राख्दै आएको र सुशासन सम्बन्धी निर्देशन तथा परिपत्रहरूको पूर्ण रुपमा पालना गरिएको छ, साथै यसलाई अझ सुदृढ बनाउँदै लैजान यस कम्पनीको सञ्चालक समिति र व्यवस्थापन प्रतिबद्ध रहेको छ ।

७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणा:

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा पूर्ण उतरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचीत गर्न आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।